## संयुक्त प्रेस वक्तव्य
## २०६५ भदौ ३१

# राष्ट्रिय मानवअधिकार आयोग र उच्चायुक्तको कार्यालयद्वारा कपिलवस्तुका पीडितहरूका अधिकारको सम्मान सुनिश्चित गर्न सरकारलाई आग्रह

वि. सं. २०६४ भदौ ३० गते कपिलवस्तुका बासिन्दा मोइद खाँको हत्याबाट चार दिनसम्म हिंसा भड्क्यो। सो हिंसा निकटवर्ती जिल्लाहरूमा फैलियो र यसबाट चौध जनाको मृत्यु भयो। यसका अतिरिक्त त्यहाँ सम्पत्तिको व्यापक क्षति तथा लुटपाट हुनुका साथै कैयौं हजार मानिस विस्थापित भए। तीमध्ये केही व्यक्ति अझै विस्थापित छन्।

राष्ट्रिय मानवअधिकार आयोग (आयोग) तथा मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय)ले सो हिंसाका सम्बन्धमा छुट्टाछुट्टै अनुसन्धान गरी आ-आफ्ना प्रतिवेदन सार्वजनिक गरेका थिए। पीडितहरूलाई न्याय प्रदान गर्न र सो क्षेत्रमा शान्ति तथा स्थिरता पुनर्स्थापना गर्नका निमित्त कानुन र व्यवस्था सुनिश्चित गर्न दुवैले सरकारलाई आग्रह गरे।

सो हिंसाको एक वर्षपछि त्यसको अनुसन्धान गर्नका निमित्त सरकारद्वारा स्थापित न्यायिक आयोग - जसले आफ्नो प्रतिवेदन सन् २००८ जनवरीमा पेस गरेको थियो - का निष्कर्ष तथा सिफारिस अझै सार्वजनिक नगरिएकोमा आयोग र उच्चायुक्तको कार्यालय चिन्तित छन्। त्यहाँ भएका हत्याहरूलगायतका हिंसाका लागि जिम्मेवारहरूलाई जवाफदेही बनाउन कुनै प्रयत्न गरिएको छैन र प्रभावित समुदायहरूबीचको सम्बन्धलाई सुधार गर्न तथा त्यस्तै खालका हिंसा धेरै पटक घटेका क्षेत्रमा यस्तो हिंसाको पुनरावृत्ति हुन नदिन हिंसा उत्पन्न गराउने कारणहरूलाई सम्बोधन गर्न अत्यन्त कममात्र काम गरिएको छ।

एक वर्षअघि कपिलवस्तुमा भएका हिंसाका कारणहरूलाई सम्बोधन गर्न र भावी हिंसा तथा त्यसले उत्पन्न गराउने पीडा हुन नदिन नयाँ सरकारसँग नयाँ अवसर छ।

सो हिंसाका पीडितहरूका अधिकारको सम्मान गरियोस् तथा पीडकहरूलाई न्यायको कठघरामा ल्याइयोस् भन्ने कुरा सुनिश्चित गर्न राष्ट्रिय मानवअधिकार आयोग र उच्चायुक्तको कार्यालय सरकारलाई आग्रह गर्दछन्। सो हिंसाबाट प्रभावित समुदायहरूबीच विद्यमान तनाव कम गर्नका निमित्त राजनीतिक दल, नागरिक समाजका सङ्गठन तथा स्थानीय समुदायहरूका बीचमा विश्वासअभिवृद्धि गर्ने गतिविधिहरूमा समन्वय गर्न तथा विभिन्न समुदायहरूबीच आशा तथा विश्वास अभिवृद्धि गर्नलाई पीडित समूहहरूसँग मिलेर काम गर्न राज्यअधिकारीहरूले पहल गर्नुपर्छ।

---

**थप जानकारीका लागि सम्पर्क राख्नुहोला :**

**राष्ट्रिय मानव अधिकार आयोग, नेपाल**
**हरिहर भवन, ललितपुर, नेपाल. पो.ब.नं. ९१८२, काठमाडौं, फोनः ५०१००१५,**
**फ्याक्सः ५५४७९७३, ई-मेलः nhrc@nhrcnepal.org, वेबसाइटः www.nhrcnepal.org,**

**उच्चायुक्तको कार्यालय-नेपाल**
**प्रेस अधिकृत, फोनः ४२८०१६४ (ext. ३२०), मोबाइल ९८५१०-१६९३७, ई-मेलः cgurung@ohchr.org,**
**वेबसाइटः www.nepal.ohchr.org**